वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ७६ २०८३ असार २५ गते विहीबार, नेपाल सम्वत् ११४६ July 09, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-






## नौमती बाजा हस्तान्तरण

परम्परागत संस्कार संस्कृति संरक्षण गर्ने उद्देश्यले तनहुँको घिरिङ गाउँपालिकाले चालु आर्थिक वर्षको लक्षित कार्यक्रम अन्तर्गत नौमती बाजा हस्तान्तरण गरेको छ । गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले संयुक्त रूपमा लक्षित समुदायलाई बुधबार नौमती बाजा हस्तान्तरण गरेका हुन् ।

*तस्विर : भञ्ज्याङ*

# कालीगण्डकी करिडोर : सडकसंगै बदलिएको जनजीवन

**रामचन्द्र रायमाझी/पाल्पा**

पाल्पाको रम्भा गाउँपालिका-१ अर्सदीका ६८ वर्षीय जगन्नाथ अर्याललाई छ घण्टा लगाएर तानसेन पुगेको याद ताजै छ । स्कुल पढ्दा पैदलै हिँडेर सदरमुकाम तानसेन गएको उहाँ सम्झनुहुन्छ । अर्याल भन्नुहुन्छ, "गाडी चढेर जानुपरे घरबाट चार घण्टा पैदल हिँडेर छर्दी खोला तरेर मालुङ्गा हुँदै गल्याङ्ग पुग्थ्यौँ, त्यहाँबाट गाडी चढेर बल्ल तानसेन जान्थ्यौँ ।" डेढ दशकअघिसम्म बुटवल, पोखरा जानुपरे चार/पाँच दिन लगाएर जानुपर्ने बाध्यता रहेको उहाँ बताउनुहुन्छ । अर्याल भन्नुहुन्छ, "पहिले त निकै कष्ट थियो । अहिले त डेढ घण्टामै तानसेन, तीन/चार घण्टामै पोखरा पुग्न सकिने भयो ।"

अर्याल यतिबेला आफ्नै आँगनमा सर्लक्क गाडीबाटै ओर्लनुहुन्छ । "आफ्नै घर आँगनबाट मोटर गुड्ला र बस चढेर तानसेन, काठमाडौँ, बुटवल, पोखरा पुगिएला भन्ने कल्पना नै थिएन", उहाँ भन्नुहुन्छ । अहिले सवारीसाधनमै चढेर तानसेन, बुटवल, पोखरा, काठमाडौँ पुग्न पाउँदा धेरै सहज भएको छ । चार/पाँच दिन हिँडेर जानुपर्ने बाध्यता अहिले हटेको उहाँले बताउनुभयो । रामपुर नगरपालिका- १० दुर्गा मन्दिर टोलका उपेन्द्र अधिकारी पनि पाँच घण्टा लगाएर नुन, तेल लिन गल्याङ्ग पुग्ने गरेको स्मरण गर्नुहुन्छ। उहाँ भन्नुहुन्छ, "हाम्रो बुबा, हजुरबुबाहरू नुन लिन तीन/चार दिन लगाएर बुटवल जानुहुन्थ्यो, पछि गल्याङ्गसम्म आउन थालेपछि हामीहरू पाँच घण्टा पैदल हिँडेर जान्थ्यौँ तर अहिले त्यो अवस्था छैन ।"

केही वर्षअघिसम्म बिहानै घरबाट निस्किएका स्थानीय साँझसम्म पनि बजार पुग्न सक्दैनथे। बिरामीलाई डोकोमा बोकेर उकालो-ओरालो हिँड्नुपर्ने बाध्यता थियो । किसानले उत्पादन गरेका सुन्तला, तरकारी र अदुवा गाउँमै कुहिन्थ्यो। तर आज त्यही गाउँमा गाडीको आवाज सुनिन्छ, एम्बुलेन्स पुग्छ, उत्पादन सिधै बजारसम्म जान्छ । यो परिवर्तनको प्रमुख आधार बनेको छ कालीगण्डकी करिडोर । कालीगण्डकी करिडोर निर्माण भएपछि अर्याल र अधिकारीको यात्रा मात्र होइन यस क्षेत्रका सयौँ नागरिकलाई समेत सहज भएको छ ।

कालीगण्डकी करिडोर सडक ट्र्याक खुलेपछि अहिले धेरै खण्डमा स्तरोन्नतिको काम भइरहेको छ । यसले गर्दा कतिपय स्थानमा नयाँ सहर बसेको छ भने दुर्गमका बस्तीलाई करिडोरसम्म जोडेपछि जनजीवन सहज बनेको छ। पाल्पाको राम्दीदेखि रानीमहल १७ किलोमिटरबाहेक अन्यत्र सडक ग्राभेल छ । झन्डै २५० किलोमिटर सडक कालोपत्रसमेत भइसकेको छ । सडकको स्तरोन्नतिसँगै कृषिउपज उत्पादन गर्ने, शिक्षा, स्वास्थ्यको पहुँचमा सजिलो भएको छ ।

कालीगण्डकी नदीको छेउ हुँदै रेखाङ्कन गरिएको सडक आसपास नयाँ बस्तीसमेत विस्तार भएका छन् । गण्डकी प्रदेशको पूर्वी नवलपरासीबाट सुरू भएर लुम्बिनीको पाल्पा, गुल्मी, पुनः गण्डकीकै बागलुङ, पर्वत, म्याग्दी, मुस्ताङसम्म करिडोरअन्तर्गत सडक निर्माण भएको छ । राष्ट्रिय गौरवको आयोजनामा समावेश गरी सरकारले प्राथमिकतामा राखेको ४४५ किलोमिटर सडक निर्माणले गति लिएसँगै दुर्गम जिल्लाका बासिन्दालाई यातायातको सहज भएको छ। "हामीलाई बजार जान चार/पाँच घण्टा लगाएर सदरमुकाम जानुपर्ने बाध्यता थियो," रम्भा हुँगीका ७० वर्षीय कमल भण्डारीले भन्नुभयो,



बाँकी अन्तिम पेजमा

# घट्दै रोपाईको क्षेत्रफल

**भञ्ज्याङ समाचारदाता/गण्डकी**

गण्डकी प्रदेशमा धान रोपाइँको क्षेत्रफल बर्सेनि घट्दै गएको पाइएको छ । चार वर्षअघि ९७ हजार ७६९ हेक्टर क्षेत्रफलमा बर्खे धान रोपिएको थियो । त्यसपछिको वर्ष रोपाइँको क्षेत्रफल घटेर ९६ हजार ५३ हेक्टरमा समेटियो । गत आवमा ९४ हजार १८२ हेक्टरमा रोपाइँ भएकामा यसवर्ष जम्मा ९३ हजार ६०६ हेक्टरमा रोपाइँ हुने अनुमान प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले गरेको छ ।



जग्गा खण्डीकरण, बाँझो छाड्ने प्रवृत्ति र खेतीयोग्य जमिनमा बस्ती तथा पूर्वाधार विकासले गर्दा धान खेतीको क्षेत्रफल घट्दै गएको मन्त्रालयका वरिष्ठ कृषि अर्थ विज्ञ शशी अधिकारीले बताए । हिमालपारिको जिल्ला मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा धानखेती हुँदै आएको छ ।

क्षेत्रफल घटे पनि समयमै वर्षात् र रासायनिक मलको उपलब्धता, धानमा प्रकोपजन्य रोग नलाग्नु, सिँचाइ सुविधा, उन्नत बीउविजन आदि कारणले धानको उत्पादकत्व भने वृद्धि हुने गरेको छ । प्रतिकूल मौसम, मल अभाव, कमसल बीउविजन जस्ता कारणले धानको उत्पादकत्वमा ह्रास आउने कृषि अर्थ विज्ञ अधिकारीले बताए।

प्रदेशको कूल चार लाख ७९ हजार ६१७ हेक्टर खेतीयोग्य जमिनमध्ये बर्खे र चैते गरी झण्डै एक लाख हेक्टरमा धानखेती हुने गरेको छ । नवलपुर, कास्की, स्याङ्जा, तनहुँलगायत जिल्लामा धान खेतीको क्षेत्रफल बढी छ ।

गोरखाको छेवेटार, पालुङटार, आरूघाट, सिरानचोक, लमजुङमा धमिलीकुवा, हर्राबोट, भोर्लेटार, करापुटार, तनहुँको चुँदीफाँट, सत्रसय फाँट, कलेस्तीफाँट, कास्कीको मकैखोला, हाँडीखोला, पामे र लेखनाथ धानको पकेट क्षेत्र हुन् ।

पर्वतको फलेबास, जलजला, स्याङ्जाको पुतलीबजार, आँधीखोला, गल्याङ, म्याग्दीको भगवती, पिप्ले, घतान, बागलुङको बडिगाड, गलकोट, जैमिनी र नवलपुरको कावासोती, गैँडाकोट लगायतलाई धानका पकेट क्षेत्र तोकिएको छ । गण्डकीमा सावित्री, रामधान, जेठोबुढो, खुमल, सुक्खा, एक्ले, पहेँले, गौरिया, मनुसली, सुनौलो सुगन्धलगायत जातका धानखेती गरिन्छ ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# किसानको पसिना, बिचौलियाको नाफा

नेपाललाई कृषिप्रधान देश भनेर चिनाउन हामीलाई कुनै संकोच छैन । विद्यालयका पाठ्यपुस्तकदेखि सरकारी नीति–कार्यक्रमसम्म यही तथ्य दोहोरिन्छ। मुलुकको ठूलो जनसंख्या अझै पनि कृषि पेशामा निर्भर छ । पछिल्ला वर्षमा आधुनिक कृषि, व्यावसायिक पशुपालन र फलफूल खेतीतर्फ युवाको आकर्षण बढ्नु पनि उत्साहजनक पक्ष हो । तर, कृषि क्षेत्रमा देखिएको सबैभन्दा ठूलो विडम्बना भनेको उत्पादन गर्ने किसानले आफ्नो श्रमको उचित मूल्य नपाउनु हो। खेतमा बीउ छर्नेदेखि बाली भित्र्याउने, मल, बीउ, सिँचाइ, रोग–कीरासँग जुध्ने, भण्डारण गर्ने र बजारसम्म पुर्‍याउने सम्पूर्ण जोखिम किसानले नै बेहोर्छ । तर अन्तिम लाभ भने प्रायः बिचौलियाले लिन्छ । किसानले निकै कम मूल्यमा बिक्री गर्न बाध्य भएको तरकारी वा फलफूल उपभोक्ताले धेरै गुणा महँगो मूल्यमा खरिद गर्नुपर्ने अवस्था आज पनि यथावत् छ । यसले किसान र उपभोक्ता दुवैलाई मारमा पारिरहेको छ भने बिचौलिया मात्र लाभान्वित भइरहेको छ ।

यो समस्या केवल बजारको स्वाभाविक प्रक्रिया होइन, राज्यको कमजोर व्यवस्थापनको परिणाम पनि हो । उत्पादन र बजारबीच प्रभावकारी संयन्त्र निर्माण गर्न नसक्दा किसान आफ्नो उत्पादनको मूल्य आफैँ निर्धारण गर्न सक्ने अवस्थामा छैनन् । कृषि बजार अझै व्यवस्थित हुन सकेको छैन । शीतभण्डार, संकलन केन्द्र, ढुवानी र बजार सूचना प्रणाली कमजोर हुँदा किसानले उत्पादन भएको ठाउँमै सस्तोमा बेच्नुपर्ने बाध्यता छ । सरकारले विगतमा कृषि विकासका लागि विभिन्न नीति, कार्यक्रम र अनुदान ल्याएको छ । तर ती कार्यक्रमको प्रभाव वास्तविक किसानसम्म अपेक्षित रूपमा पुग्न सकेको छैन । कतिपय अवस्थामा अनुदान पहुँचका आधारमा वितरण हुने, वास्तविक कृषकभन्दा प्रभावशाली समूहले बढी लाभ लिने गुनासो बारम्बार उठ्दै आएको छ । यसले किसानको मनोबल कमजोर बनाएको छ । अर्कोतर्फ, स्वदेशमै उत्पादन गर्न सकिने धेरै कृषि उपज विदेशबाट आयात भइरहेका छन् । स्थानीय उत्पादनले बजार नपाउँदा खेतमै कुहिने अवस्था आउँछ भने आयातित वस्तुले बजार भरिन्छ । यसले स्वदेशी उत्पादनलाई प्रतिस्पर्धामा कमजोर बनाइरहेको छ । उत्पादन बढाउने मात्र होइन, उत्पादनको बिक्री सुनिश्चित गर्ने नीति पनि उत्तिकै आवश्यक हुन्छ भन्ने कुरा राज्यले बुझ्नुपर्छ ।

कृषिमा आत्मनिर्भर बन्ने लक्ष्य केवल नाराले पूरा हुँदैन । किसानलाई समयमा गुणस्तरीय बीउ, मल, सिँचाइ, कृषि प्रविधि र प्राविधिक सेवा उपलब्ध गराउनु आवश्यक छ । त्यति मात्र होइन, उत्पादन बिक्रीका लागि सरकारी वा सहकारीमार्फत भरपर्दो बजार प्रणाली विकास गर्नुपर्छ । किसानले उत्पादन गरेपछि बिक्रीको चिन्ता गर्न नपर्ने वातावरण सिर्जना गर्न सकियो भने कृषि क्षेत्रमा थप लगानी र आकर्षण बढ्नेछ । स्थानीय सरकारहरूको भूमिका पनि यहाँ महत्त्वपूर्ण छ । प्रत्येक पालिकाले आफ्नो क्षेत्रमा उत्पादन हुने कृषि उपजको संकलन, ब्रान्डिङ, प्रशोधन र बजारीकरणका लागि ठोस योजना बनाउनुपर्छ । स्थानीय उत्पादनलाई विद्यालय, अस्पताल, होटल तथा सरकारी निकायसँग जोडेर स्थायी बजार सिर्जना गर्न सकिन्छ। सहकारीमार्फत सामूहिक उत्पादन र बिक्रीको अभ्यासले पनि बिचौलियामाथिको निर्भरता घटाउन मद्दत पुर्‍याउँछ । किसान स्वयं पनि समयअनुकूल हुन आवश्यक छ । परम्परागत खेतीसँगै बजारको माग, गुणस्तर, प्याकेजिङ, प्रशोधन र डिजिटल बजारबारे जानकारी बढाउनुपर्छ। आधुनिक प्रविधि र व्यावसायिक सोच अपनाउने किसानले प्रतिस्पर्धात्मक बजारमा राम्रो अवसर प्राप्त गर्न सक्छन् । कृषि अब जीविकोपार्जनको माध्यम मात्र होइन, सम्मानजनक व्यवसाय बन्नुपर्छ ।

देशको आर्थिक समृद्धिको आधार कृषि नै हुन सक्छ । तर त्यसका लागि किसानलाई केवल उत्पादन गर्ने श्रमिकका रूपमा होइन, अर्थतन्त्रका प्रमुख साझेदारका रूपमा हेर्नुपर्छ । बिचौलियाको अस्वस्थ प्रभाव नियन्त्रण गर्ने, बजारलाई पारदर्शी बनाउने र किसानको उत्पादनको उचित मूल्य सुनिश्चित गर्ने दायित्व राज्यकै हो । कृषकको पसिनाको मूल्य किसानले नै पाउने व्यवस्था गर्न सकिए मात्र कृषि क्षेत्रप्रति विश्वास बढ्नेछ । अन्यथा कृषिप्रधान देश भन्ने परिचय केवल भाषण र दस्तावेजमा सीमित रहनेछ । अब समय आएको छ–किसानको मेहनतको सम्मान गर्ने, उत्पादनलाई उचित मूल्य दिने र कृषि क्षेत्रलाई वास्तवमै राष्ट्र निर्माणको बलियो आधार बनाउने ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

# सेतीमादी उपत्यका र नदी तटमा रहेका प्रमुख तीर्थस्थलहरू

सेती र मादी नदी सेतीमा समाहित हुनु पूर्व मादीनदीलाई यमुना उच्चारण गरिन्छ । सेतीमा समाहित भएर त्रिशुलीमा मिल्नु अगाडि सेतीमादी नदीका जलाधार क्षेत्रमा पनि प्रशस्तै तीर्थ स्थालहरू रहेका छन्। भटिएका अभिलेखलाइ यहाँ लिपिबद्ध गर्ने प्रयास गरिएको छ। कतिपय जानअन्जानमा छुट भएका हुन सक्दछन्। छुट भएका तीर्थस्थलहरूलाई लिपिबद्ध गर्ने हाम्रो प्रयासमा यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गरेका छौं ।

**शङ्कर तीर्थ (व्यास प्रयाग)**

दमौली बजारको मूख्य चोकबाट १० मिनेटको पैदल दुरी शङ्करतीर्थ रहेको कुरा स्कन्दपुराणको गण्डकी महात्म्यम खण्डमा उल्लेख गरिएको छ । गण्डकी महात्म्यम्ले दमौली ऋषि पराशरको तपोभूमि र २८ वैवश्वत मन्वतरको ऋन्त्यमा माता सत्यवतीको गर्भबाट महर्षि वेदव्यासका जन्मभएकोले वेदव्यास जन्मभूमि वर्णित गरेको पाउँदछौं। योगी नरहरि नाथले नदीले बनाएको टापुमा परारशर ऋषिले तपश्या गरेको गुफा, परशारशिला, राजा उपरीचरको वीर्य आकाश मार्गबाट लैजाने बाज, जलारी बोटे दाशराज माझी, माछारूप धारण गरेकी अद्रिका अप्सराको जुम्ल्याहा बच्चा सहितको शिला, मत्स्यकन्या गर्भवती बनेको शिला, पराशरेश्वर र शुक्लेश्वर महादेव मन्दिर गुरूकुलम, उत्तमगुहा योगि नरनाथको कुटि, समाधिस्थल साक्षीका रूपमा प्रस्तुत छन् भने वारी तर्फ तीन तहको व्यासगुफा, सत्यवतीकुण्ड, जयशिला, माछा मार्न बनाइएको साँखर (जुन प्रविधील माझेले अद्रिका अप्सरा नामकी माछालाई बोटेले थापेको साँखर (खुँगामा) पारेका थियो) अष्टबक्रशिला, शिव पाञ्चायन मन्दिर, १०८ फिट अग्लो व्यास मूर्ति निर्माण स्थल, व्यासेश्वर महादेव शैलगुफा, देउराली, नहर्कीठाँटी, बुल्दी (व्यासनदी), छाब्दी (सत्यवती) नदी, उर्गेन धारगेलिङ गुम्वा, शंखवती शिला (हाल हर्कमान श्रेष्ठको घरमा सुरक्षित), भीमसेन कम उमेरका अविवाहित किशोरहरूबाट हरेक श्रावण महिनाको पूर्णिमा तिथि बाहेक अन्य पूर्णिमाका तिथिहरूमा कोरी पूजा र बैसाख र मार्ग महिनाको पूर्णिमा तिथिमा बलि सहितको पूजाआजा हुँदै आइरहेको पाउँदछौं। उक्त शिलालाई यहाँका नागरिकहरूले हरेक वर्ष जनै फेरी दिने प्रचलन रहेको पाइन्छ। वेनीकोटको शिद्धथानमा भेटिएको शिला करिव ५ फिट उचाइ रहेको र हरेक वर्ष शिलामा जनै फेरी दिन परम्परा रहेको पाईदा कतै महर्षि वेदव्यास उनै त होइनन् भन्दा अतिसयोक्ति नहोला ।

**हात्तीसुंढेमा जलवाराही मन्दिर**

व्यास–१३ हात्तीसुडे नजिकै जलवाराही मन्दिर रहेको छ । यस मन्दिर परिशरमा छाब्दी वाराही मन्दिरको जस्तै जलकुण्ड, जलकुण्डमा पौडी रहेका माछाहरूको अनुपम दृष्यहरू देख्न पाइन्छ । आफुले मागेको वरदान प्राप्त हुने जन विश्वास रहेकाले यहाँका भक्तजनहरू जलवाराही मन्दिरमा हाँस, कुखुरा र बोका बलि




उल्लेख गर्नु भएको व्यास नदी र सेतीमादी नदीको सङ्गम नजिक गुफामा महर्षि वेद व्यासको जन्म भएको हो । वेदव्यास जन्मनासाथ उत्तर तर्फको गुफामा गइ तपश्या गरेको पवित्र गुफा नै आजको व्यासगुफा सेती मादी नदी संगमको उत्तरतर्फको इशानकोणमा रहेको छ। ध्यान गुफा, ज्ञान गुफा र सभा गुफा समेत तीन भागमा विभाजित व्यास गुफा शङ्कर तीथमा रहेको छ। गण्डकी महात्म्यम अनुसार पारकोटेऽन्यतीर्थञ्च पुण्ड्यदायकम् माद्रिकाशुक्लागण्डक्यो : संगमे शकराभिधम्।

मादीसेती गण्डकी नदीको संगममा शङ्कर तीर्थ रहेको छ जुन पारकोट देशको पूण्यभूमि मानिन्छ ।

*तपश्चकार तत्रैव पराशर महामुनिः*
*पराशरगुहातत्र तपशिद्धि प्रदायिनी ॥*
*(काली र त्रिशुली नदीको बीचमा पारकोट देश रहेको छ, जुन संसार भरी प्रख्यात रहेको छ ।*
*जज्ञे मत्स्योदरी पुत्रस्तत्र द्वीपे पराशरात*
*पुराण संहिताकर्ता वेदशास्त्रत्र प्रवर्तकः।*

बयरघारी टापुमा पराशर ऋषि र मत्स्यगन्धाको शारिरिक मिलनबाट वेदशास्त्रका प्रवर्तक वेदव्यासको जन्म भयो । यस पूण्डय भूमिको मादी र सेत मन्दिर साक्षीका रूपमा मौजुदा रहेका छन्। व्यासको जन्मभूमि हुनले हाल यसलाई व्यास प्रयाग भन्ने गरिएता पनि पुराणले शङ्कर तीर्थ नै रहेको प्रमाणित गरेको हालको दमौली नामकरण गरिएका शङ्करतीर्थ क्षेत्र अपभ्रंश भइ साँखर नामले सावोधन भइ आएको सत्यता सबैका सामु छर्लङ्ग नै छ । व्यास जन्मभूमिकै नामले स्थापित व्यास नगरपालिकाले व्यासका जन्म सन्दर्भबारे परिचित गराइ आध्यात्मिक पर्यटन अभिबृद्धि गराउन जरूरी छ ।

**बेनीकोट शिध्दथान र सूर्यकुण्ड**

व्यास नगरपालिका वडा नं. १३ को बेनीकोटको ९७५ मिटरको उचाइमा शिध्दथान र बेनीकोटको बेसी बेलवासको खिरखाँदी खोला, ताराखोला र सेती नदीको त्रिबेनीमा सूर्यकुण्ड रहेको छ । यहाँका शिद्ध हरेक दिन बिहान गुफाको भित्री मार्गबाट सेती नदीमा रहेको सूर्यकुण्डमा पुगेर स्नान गर्दछन् भन्ने जन विश्वास रहेको पाइन्छ । यहाँका स्थानीय निवासीहरू शिद्धलाई भगवान शिवको अवतार, झाँक्रीलाई शिवका प्रमुख गण वीरभद्र र वाराहीलाइ पार्वतीको स्वरूप मानेर पूजाआजा हुँदै आएको पाइन्छ । यहाँका शिद्धभगवानलाई १२ वर्ष भन्दा चढाउने परम्परा रहेको छ । जलवाराही मन्दिरबाट सिधै बेनीकोट जान परेमा शिद्धभगवालाई बलि सहितको पूजा गरेर गएमा कुनै अनिष्ट नहुने थप जनविश्वास पनि रहेको पाइन्छ । जल वाराही मन्दिर जाने बाटो अप्ठ्यारो भएकोले पनि यहाँ अनपेक्षित दूर्घटना हुन सक्ने भएकाले प्रायः कुनै पनि व्यक्तिहरू वनको बाटो जाने हिम्मत नगर्ने स्थानीय पूर्व शिक्षक मानबहादुर आलेले बताए ।

**राजा दशरथको पुत्रेष्टि यज्ञस्थल सराङ्घाट**

अयोध्या नरेश दशरथको राज उत्तराधिकारी केही नभएकाले कुलगुरू वशिष्ठको सल्लाह अनुसार पुत्र प्राप्ति हेतु पुत्रेष्टि यज्ञ गर्ने विचार गरे। वशिष्ठकै सल्लाह अनुसार आफ्नै ज्वाई (छोरी शान्ताका श्रीमान) ऋषि श्रीङ्गीबाट गराउने निधो भयो । राजा दशरथ स्वयं ऋषि श्रीङ्गीलाई भेटेर अयोध्या पुगेर पुत्रेटि–यज्ञ सम्पन्न गराइदिन हार्दिक अनुरोध गरे। पुत्रेष्टि यज्ञ गराउँदा आफ्नो बर्षौंको तपश्या स्वाहा हुने भयले ऋषि श्रीङ्गीले आफ्नो इलाका भित्र पुत्रेष्टि यज्ञ गरेमा यज्ञकाहेता भइ काम गरी दिने तर अन्यत्र

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
बेसुरमा बोल्ने बानीले बित्थैमा दुःख पाइनेछ। तत्कालको फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ।

**वृष**
स्वास्थ्यका लागि आहार विहारमा ध्यान पुर्याउनुहोला। समस्या दर्साएर सहयोगीहरु फेला पार्न सकिनेछ।

**मिथुन**
रोकिएका काम बन्ने र नयाँ काम सुरू गर्ने समय छ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ।

**कर्कट**
अग्रजहरूको सहयोगले प्रतिष्ठित काम सम्पादन हुनेछ। काम बन्नाले मनग्य धन आर्जन हुनेछ।

**सिंह**
व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ। सहयोगीहरूले हिम्मत दिलाउनेछन्। आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ।

**कन्या**
अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। सुखद समाचारले उत्साह जगाउनेछ।

**तुला**
लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ।

**वृश्चिक**
काममा विशेष अवसर प्राप्त हुनेछ। पहिलेको सफलताले पनि हौसला जगाउनेछ। व्यापारमा फाइदा हुनेछ।

**धनु**
धेरै लगानी गर्दा कममात्र फाइदा हुनेछ। अर्थअभाव खट्किनाले चिताएको काम पूर्ण नहुन सक्छ।

**मकर**
समय दिन नसक्दा काम अधुरो रहनेछ। लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ।

**कुम्भ**
फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला। व्यवसायमा लगानी बढाउनुपर्ला। साथीभाइको सहयोगले यात्रा हुनेछ।

**मीन**
मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ। नोकरी तथा व्यवसायमा विशेष फाइदा होला।

# सेतीमादी उपत्यका र नदी ........

कुनै हालतमा नजाने प्रतिज्ञा राजा दशरथ समक्ष बिन्ती गरे । ज्वाईको कुरालाई राजा दशरथले सहर्ष स्वीकारी ऋषि श्रीङ्गीको आश्रम नजिकको सराङघाटमै पुत्रेष्टि यज्ञ सम्पन्न गराइ दिन अनुरोध गरे। पुत्रेष्टि यज्ञको फलस्वरूप राजा दशरथको प्रथम पुत्र राम र क्रमशः भरत र लक्ष्मण सत्रुध्न जन्मिए । कालन्तरमा जेष्ठ पुत्र रामको नामबाट यस स्थानको नाम रामघाट रहन गयो। हाम्रो बाह्र मगरातका मगरहरूले म अक्षरलाई उनीहरूको आफ्नो भाषामा ङ उच्चारण गर्ने भएकाले बिस्तारै राम नामको सट्टा राङ उच्चारण हुन पुग्यो । सोही राङ शब्दको अगाडि नेपाली वर्णमालाको सुबन्त अक्षर स ब्युत्तपति भइ सराङ बन्न पुगेकोमा दुइमत नहोला । त्यही सराङशब्द र नदी माथि डुङ्गा वारपार गर्ने स्थानको घाट शब्दसंग संयोजन हुन गई सराङघाट हुन पुगेको अनुमान गर्न सकिन्छ । हाल देवघाट गाउँ पालिकाको वडा नं. ३ नाल्दुङमा श्रीङ्गेश्वर महादेव मन्दिर, मनकामना मन्दिर दूधेवाराही मन्दिरहरू रहेका छन् । यसैगरी पाल्पाली नरेश मणिमुकुन्द सेनले उनै श्रृङ्गेश्वर महादेवको शिला स्थापना गरी सराङघाटमा पनि तपश्या गरेको हुनाले सो स्थानको नजिकै अर्को स्थान जोगीडाँडा पनि रहेको छ ।

**सुमेरू पर्वत र नन्दिनी गुफा**

कामधेनु गाईको पति कश्यप र छोरीको नाम नन्दिनी हो । कुनै एक दिन कामधेनु गाई आफ्नो पुत्री नन्दिनीलाई छिम्कालेखका सुमेरूपर्वत श्रृंखलामा अवस्थित गुफामा राखेर आफु छिम्केश्वरी र बूढीभगवती माइको दर्शन गर्न र बूढीभगवतीको शिलामा दूधधारा चढाउन छिम्केश्वरी पर्वतको चुचुरोमा जानु भयो । त्यही बेला हिमालमा आएको हिमपातका र हिमपहिरोको कारण गण्डकी प्रस्रवण क्षेत्रका सेती, मादी, मर्स्याङ्दी, दोर्दी, चेपे, बूढीगण्डकी र त्रिशुली समेतका सानाठूला नदीहरूमा ठूलो जलप्रवाह बढ्दै गयो। अन्ततः सबै गण्डकीहरूमा घुमौरी पर्दै भयंकर बाढी आइ रहेको हुनाले जलप्रलयको डर भयो ।

अन्ततः नदीमा पर्न गएको घुमौरीले सुमेरू पर्वत नै बगाउने लक्षण देखियो । सेती र त्रिशुलीको पानी तल तल नबगी सुमेरू पर्वतलाइ नै घुमी घुमी बगेकाले यस स्थानलाई घुमाउनेघाट र कामधेनु गाइको बाच्छी बसेको गुफालाइ नन्दिनी गुफाको नामले संवोधन गर्न थालियो । गण्डकीमा भुमरी पर्दै सुमेरूपर्वत नै बगाउन लाग्दा गुफामा बसेकी कामधेनु गाईको छोरी नन्दिनीले आफुलाइ पर्न गएको महाविपत छिम्केश्वरी पर्वतको शिखरमा पुगेकी आफ्नी आमाले पनि आफ्नो आवाज सुनुन भनी ठूलो स्वरमा आमा (हाम्बाँ) भनेर पुकारिन । कामधेनु गाइको छोरी नन्दिनी सुमेरू पर्वतमा बसेकी रहिछिन भनेर गण्डकीहरूले महसुस गरेर गोसंरक्षण गर्नकै लागि त्रिशुली नदीले पूर्वतर्फ र सेतीमादी नदीले पश्चिमतर्फ आफ्नो मार्ग परिवर्तन गरी देवघाट तर्फ आफ्नो मार्ग अबलम्वन गरेको हुनाले यस स्थानलाई गाइघाट पनि भन्ने गरिएको किंवदन्ती सुन्नमा पाइन्छ। योगि नरहरिनाथले आफ्नो देवभूमि भारत एवं आध्यात्मिक नेपालको पहिलो भागको पुस्तकको गोघट्ट (गाइघाट) शिर्षकमा यस्तो कुरा प्रकाश पार्नु भएको छ ।

**सुमेरू पर्वत र समुन्द्रमन्थन**

पौराणिक ग्रन्थहरू अनुसार अहिलेको घुमाउनेघाट संगै रहेको पर्वतलाई सुमेरू पर्वतको नामले संवोधन गरिन्थ्यो । सेती त्रिशुली नदीहरूको पावन तीर्थस्थलमा कुनैसमयमा यहाँ क्षिर (दुग्ध) सागर रहेको थियो । अन्ततः देवता र दानवहरूको संयुक्त पहलमा त्यही क्षीरसागरमा सुमेरू पर्वतको मदनी र वासुकी नागको नेती बनाएर समुन्द्र मन्थनको सुरूआत गरे । समुन्द्र मन्थनको पहिलो सौगातको रूपमा हलाहल विष प्राप्त भएको थियो । हलाहल विषको उत्पतिले पृथ्वी र पृथ्वीमा उपलब्ध सबै रत्नहरू पनि दग्ध हुने छाँट देखियो। समुन्द्र मन्थनका समयममा निस्किएको हलाहल विषलाई भगवान शिव शङ्करले पिइदिंदा तत्काल अनिष्टता दुर भएर गयो। संभावित दूर्घटना दुर हुने भए पछि देवता दानव सबैमा खुसीको खुसीको उन्माद र रौनकता थपियो। उनीहरू प्रशन्न भइ पुनः नयाँ उत्साहका साथ समुन्द्र मन्थनमा तल्लिन रहे। समुन्द्र मन्थनको उपहारमा कामधेनु गाइ पश्चात क्रमशः उच्चैश्रवा घोडा, ऐरावत हात्ति, कौस्तुभमणि, कल्पवृक्ष, रम्भा अप्सरा, देवी लक्ष्मी, वारूणी (मदिरा) चन्द्रमा, पारिजात वृक्ष, पाञ्चजन्य शङ्ख, धन्वन्तरी र अमृत लगायतका अनेकौं सामुन्द्रिक रत्नहरू प्राप्त भएको पाउँदछौं ।

**पञ्चकन्या मन्दिर तथा घुमाउनेघाट**

हाम्रो पूर्वीय वेद तथा पुराणहरूले अहिल्या, तारा, द्रौदी, कुन्ति र मन्दोदरीलाई पञ्चकन्या मानेको छ । उनै पञ्चकन्याहरूले यस पूण्यभूमिमा आइ श्रृङ्गेश्वर महादेवको तपश्या गरेर बसेको हुनाले यहाँ पञ्चकन्या मन्दिर स्थापन गरी पूजाआजा चलाइएको पाइन्छ। सेती र त्रिशुली नदीको मिलन पछि त्रिशुली र सेतीनदीको संयुक्तधारलाई भागिरथी र काली गण्डकीसंगको मिलन पछि सोही नदीलाई नारायणी भनेर चिनाउने गरेको पाइन्छ । गाइघाट नजिकै सेती त्रिशुलीको वेनीमा पञ्चकन्या मन्दिर रहेको छ । पौराणिक कथा अनुसार यहाँ सुनन्दा, सुरभी, सुमना, सुशिला र नन्दा समेत पाँचरपाँचवटा कामधेनु गाइहरूको चरीचरन क्षेत्र रहेको धार्मिक विश्वास पाइन्छ । यिनै पाँचवटा कामधेनु गाइहरूलाई पञ्चकन्या अवतार मानी यहाँका लोकले पूजाआजा गर्दै आएको अर्को जनकथन सुन्नमा पाइन्छ ।

हरेकनदीहरूको संगममा माघे सक्रान्ति तथा एका दशी पर्वहरूमा स्तान गर्ने र मेला भर्नेहरूको खब भिड लाग्ने गर्दछ। सेती र त्रिशुली नदीको संगममा पनि हरेक महान पर्वहरू यहाँका वूढीभगवती, छिम्केश्वरी, गोरखाकालिका, मनकामना, इच्छाकामना, अन्नापूर्ण र अकलादेवीहरू नदी संगममा स्नान गरी सबै जना मिलेर रातभर नाचगानमा रम्ने गर्दथे । छिम्केश्वरी सात दिदी बहिनी मध्ये टाढाका गोरखाकालिका, मनकामना, इच्छाकामना अकला र अन्नापूर्ण देवीहरू बिहानको शुभमूहुर्तमा गण्डकी स्नान गरी अलप भएर आ–आफ्ना थानमा जान्थे भने बूढीभगवती र छिम्केश्वरी सबै भक्तहरूलाई आर्शिवाद दिएर छिम्काको लेखमा बिस्तारै उकालो लाग्दथे। अलप हुनै तीने पाँचदेवीहरूको संझनामा यहाँका स्थानीवासीहरूले शिला थपना गरी पूजाआजा गर्दै आएको किंवदन्ती पनि सुन्न पाइन्छ ।

**कामधेनु गाइ र गाइघाट**

पौराणिक कथा अनुसार स्वर्गमा बस्ने र इच्छानुसारको फल दिने गाईलाई कामधेनु गाई भनिन्छ जस्लाई सुरभी नामले पनि पुकारिन्छ । कामधेनु शब्द संस्कृत भाषका काम र धेनु दुइ शब्दको संयोजनबाट बन्न पुगेको हो । यहाँ काम शब्दले इच्छा र धेनु शब्दले गाइ भन्ने बुझाउँछ । हाम्रा धार्मिक ग्रन्थ तथा पुराण अनुसार कामधेनु गाईको उत्पति समुन्द्र मन्थनबाट भएको मानिन्छ। समुन्द्र मन्थनको समयमा हलाहल विष पछि दोश्रो सौगातको रूपमा कामधेनु गाइ मिलेको थियो । कामधेनुगाईको उत्पत्ति हुँदाको अवस्थामा कामधेनु गाईका पछाडिको अंग पुच्छर मयुरको प्वाँख र मध्यभागको शरीर निक्खर सेतो रङ्गमा पशुजन्य गाईको शरिर र अग्रभागको अंग भने महिलाको आकृतिमा मानव शिर देखिएको थियो । क्षीरसागरबाट कामधेनुगाई धर्तीमा आउँदा विविध रत्नमालाहरूले सुसज्जित र जडित मुकुटमाला लगाइएको कथा प्रसङ्ग पुराणहरूमा वर्णित गरेको पाइन्छ। कामधेनु जो जससंग रहन्छ उस्ले आफ्नो सबै मनोङ्काँक्षाहरू पुरा गर्न सकेको कथाहरू पुराणहरूमा प्रशस्त भेटिन्छन् । मानिस, राक्षस तथा देवताहरूको हर मनोकामना पूर्ती गर्ने कामधेनु गाईका शरीरमा तेत्तिसकोटी देवीदेवताहरूको बासस्थान रहने विश्वास रहेको छ।

*पीते परे वृषाङ्केण प्रीतास्तेऽमदानवा।*
*मन्मथुस्तरसा सिंधुहवि धोनी*
*ततोऽभवत ॥८।८।१॥*

उक्त कामधेनु गाई देवघाटको वशिष्ठ गुफामा तपश्यारत बशिष्ठ ऋषिलाई उपहार स्वरूप चढाइयो। उनै कामधेनु गाई उत्पति भएको स्थल हुनाले सिञ्च्याङगढीको फेदीको यस स्थललाई त्यही बेला देखि गाइघाट नामले पुकार्ने गरिएको छ। समग्रमा कामधेनुगाईको पूजाआजा गर्नाले मानव जातिको मनमा पलाएका नकरात्मक दोषहरू नष्ट भई आर्थिक सुख-समृद्धि, आत्मिक पवित्रता र आमाहरूको पालन पोषण गर्ने कला र व्यक्त प्रेमाभावलाई जनाउँने गर्दछ । तीनै गौमाताको प्रत्यक्ष दर्शन मिल्ने भएकाले यस स्थानलाई गाइघाट भन्ने गरिएको हो ।

# दमौलीको न्युरोडमा 'रिमै कलेक्सन' सञ्चालनमा

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको व्यास नगरपालिका–२, न्युरोडमा 'रिमै कलेक्सन (क्लोथिङ स्टोर)' सञ्चालनमा आएको छ । आदिवासी जनजाति समुदायका परम्परागत तथा आधुनिक पहिरनलाई प्राथमिकता दिंदै सञ्चालनमा ल्याइएको हो ।




व्यास नगरपालिका–४ का वडा अध्यक्ष मनबहादुर गुरूङले स्टोरको शुभारम्भ गर्दै स्थानीय व्यवसायको प्रवर्द्धनले रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्र सुदृढ बनाउन टेवा पुग्ने विश्वास व्यक्त गरे ।

रिमै कलेक्सनका सञ्चालकका अनुसार आदिवासी जनजाति समुदायको पहिरनप्रतिको बढ्दो आकर्षणलाई मध्यनजर गर्दै गुणस्तरीय, आकर्षक तथा सहज रूपमा उपलब्ध हुने कपडाको सेवा प्रदान गर्ने उद्देश्यले स्टोर सञ्चालनमा ल्याइएको बताइएको छ । स्टोरमा परम्परागत र आधुनिक डिजाइनका विभिन्न प्रकारका कपडाहरु उपलब्ध रहेका छन्।

उद्घाटनको अवसर पारेर ग्राहकलाई लक्षित गर्दै स्टोरमा उपलब्ध विभिन्न कपडामा २० देखि ३० प्रतिशतसम्म विशेष छुटको व्यवस्था गरिएको सञ्चालकले जानकारी दिएका छन्। उक्त छुट सीमित अवधिसम्म कायम रहने जनाइएको छ।

कार्यक्रममा सहभागि तथा ग्राहकहरूले रिमै कलेक्सनको सफलताको शुभकामना व्यक्त गर्दै स्थानीयस्तरमै गुणस्तरीय कपडा र भरपर्दो सेवा उपलब्ध गराउने विश्वास व्यक्त गरेका थिए ।


## शिक्षक आवश्यकता

*विद्यालयमा सूचना प्रकाशित मिति : २०८३/०३/२४*

शुक्लागण्डकी नगरपालिकाको कार्यालयको मिति २०८३/०३/२४ गतेको च.नं. २४८८ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा **प्राथमिक तह** तृतीय श्रेणीको एक जना करार सट्टा शिक्षक नियुक्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन।

**तपसिल**

१) **पद** : प्राथमिक तह तृतीय श्रेणी (सट्टा शिक्षक/करार)
२) **आवश्यक संख्या** : १ (एक) जना
३) **शैक्षिक योग्यता** : प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा सो सरह ।
४) **दरखास्त शुल्क** : ७००/- (सात सय रूपैयाँ)
५) **तलब** : नेपाल सरकारले तोके बमोजिम
६) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अध्यापन अनुमती पत्रको प्रतिलिपि, व्यक्तिगत विवरण र निवेदन। (परीक्षापश्चात छनौट भएको उम्मेदवारको निरोगिताको प्रमाणपत्र ।
८) **परीक्षाको किसिम** : लिखित, मौखिक र आवश्यक परेमा प्रयोगात्मक
९) **दरखास्त दिने अन्तिम मिति** : २०८३/०४/०६ गतेसम्म ।
१०) **सम्पर्क मिति** : २०८३/०४/०६ गते विद्यालय समय भित्र ।
११) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

**पुनश्च** : करार सूचिमा नाम भएका उम्मेदवारले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र प्रमाणसहित उपस्थित भएमा योग्यता क्रमको आधारमा नियूक्तिको प्रक्रिया अगाडि बढाइने छ । करार सूचिका उम्मेदवार नआएमा खुल्ला उम्मेदवारबाट छनोट गरिनेछ ।

प्रधानाध्यापक

**श्री अमरज्योति प्राथमिक विद्यालय**

शुक्लागण्डकी-१२, रातामाटा, तनहुँ
सम्पर्क : ९८४६४२२३६८, ९८२६६५५८३१



## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**सम्बन्धित बिरामीले विशेषज्ञ चिकित्सकद्वारा उपचार सेवा लिनुहोस**

**असार २७ गते शनिबार**



**प्रोफेसर डा. जय बहादुर खत्री**
**वरिष्ठ स्नायु, मानसिक, नशा तथा लागुऔषध रोग विशेषज्ञ**
(Manipal Teaching Hospital, Pokhara)

**स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख रोगहरु र लक्षणहरु:**

**१. मानसिक स्वास्थ्य सम्बन्धी समस्या:**
- अत्यधिक तनाव, चिन्ता वा डर लाग्ने समस्या
- निद्रा नलाग्ने, बारम्बार झस्किने
- डिप्रेसन (अवसाद), एक्लोपन, निराशा
- अत्यधिक रिस उठ्ने वा आफैंलाई क्षति पुऱ्याउने सोच

**२. स्नायु (Neurology) सम्बन्धी समस्या:**
- झट्का लाग्ने (Epilepsy/Seizures)
- हातखुट्टा कमजोर वा चल्न नसक्ने
- मस्तिष्क पक्षघात (Stroke)
- स्मरण शक्ति गुम्ने, बोली गडबड हुने
- पार्किन्सन, टाउको दुखाइ, चक्कर आदि

**३. नशा र लागुऔषध दुर्व्यसन सम्बन्धी समस्या:**
- मदिरा, चुरोट, गाँजा, ब्राउन सुगर, ट्याब्लेट आदिको लत
- नशा नपाउँदा बेचैनी, कम्पन, पसीना आउने
- नशा छोड्न कठिनाइ, बारम्बार प्रयत्न असफल हुने
- पुन:स्थापना र मनो–सामाजिक परामर्श आवश्यक पर्ने अवस्था
- समयमै जाँच गरौं, स्वस्थ मानसिकता र जीवनशैली अपनाऔं।
- शरीरको मात्र होइन, मनको पनि उपचार आवश्यक छ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।



## रामशाह माध्यमिक विद्यालय

**आँवुखैरेनी गाउँपालिका-३, तनहुँ**

**सिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना**

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०३/२५**

यस रामशाह माध्यमिक विद्यालय आँबुखैरेनी गाँउपालिका-३, तनहुँको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत तपशिलमा उल्लेखित परिमाणका Smart Board खरिद गर्नुपर्ने भएकोले उक्त कार्यका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ४०, सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश २०८३ को दफा १४ र सार्वजनिक नियामावली २०६४ को नियम ८४ बमोजिम सिलबन्दी दरभाउपत्र पेश गर्नहुन ईच्छुक सम्बन्धित सबैका लागि दोस्रो पटक यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित जम्मा रकम | संख्या | दरभाउपत्र फाराम दस्तुर | दरभाउपत्र बुझाउने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ६५" स्मार्ट वोर्ड खरिद योजना | १०,१५०००/- | ७ | ५०० | २०८३/०३/३१ ४:०० बजेसम्म | |

**नोटः**
- विस्तृत जानकारीको लागि रामशाह माध्यामिक विद्यालयको सूचना पाटि तथा विद्यालयको फेसबुक पेज एवं विद्यालय प्रशासनमा प्राप्त गर्न सकिनेछ ।
- थप जानकारीको लागि विद्यालयको प्राविधिक शाखा (९८४६९३८५७१) विद्यालयको प्रधानाध्यापक (९८४६०६५१६४) संग सम्पर्क गर्नुहुन अनुरोध छ ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८३ असार २५ विहीबार July 09, 2026



**पहिरो नियन्त्रणको काम :** मुग्लिन पोखरा सडक विस्तार अन्तर्गत तनहुँको व्यास नगरपालिका-४ दमौलीको मादी नदी पुल नजिक पहिरो नियन्त्रणको काम हुँदै । सडक विस्तारका क्रममा भित्ता काटिएपछि यस ठाउँमा पहिरोको जोखिम बढेपछि नियन्त्रणको काम भइरहेको छ । पहिरोका कारण माथिका घरहरू उच्च जोखिममा परेका छन् । *तस्बिर : कृष्ण न्यौपाने/रासस*

# कालीगण्डकी करिडोर : ....

"अहिले त सहर जान कुनै दुःख छैन । दुई/तीन घण्टामै बजार गएर आउने गरिन्छ।" आफूले निकै दुःख गरे पनि अहिले छोरानातिका लागि सहज भएको उहाँ सुनाउनुहुन्छ । "हेर्दाहेर्दै, देख्दादेख्दै परिवर्तन हुँदा सपनाजस्तै लाग्दो रहेछ। हिजो त गेभा हुँगी, खालीवन फोक्सिङकोट क्षेत्रका जनता आफ्नै जिल्लाको सदरमुकाम जानुपर्दा स्याङ्जाको गल्याङ्सम्म पैदल, त्यसपछि बस चढेर जानुपर्ने बाध्यता थियो ।

जिल्ला प्रशासन कार्यालयमा नागरिता बनाउन होस् या राहदानी बनाउन होस्, मालपोत, नापी कार्यालयमा पुगेर काम सक्न कठिन हुन्थ्यो । बास बस्नुपर्ने बाध्यता थियो । अब ती दिनका कुरा गर्दा नयाँ पुस्तालाई कथा जस्तै लाग्छ", भण्डारीले भन्नुभयो । नवलपुरको बौद्धिकाली गाउँपालिका-२ डेढगाउँका खेतको छेउछाउ बाँदर लागेर अन्नबाली जोगाउन पनि मुस्किल हुन्थ्यो । विगतमा यहाँ बाक्लो बस्ती नहुँदा बाँदरबाट बाली जोगाउन निकै समस्या हुने गरेको स्थानीय ध्रुव पङ्गेनी बताउनुहुन्छ। उहाँका अनुसार सडक नआउँदासम्म यहाँ दुर्गमजस्तै थियो। पछि सडक सञ्जालले गाउँ जोडेरपछि अहिले यहाँको जनजीवन नै परिवर्तन भएको पङ्गेनीले बताउनुभयो ।

खेतकै बीचबाट राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर सडक खुलेपछि अहिले यहाँ निकै चहलपहल भएको छ । यहाँ होटेल व्यवसाय सञ्चालनमा छन् भने दैनिक दर्जनौं गाडी ओहोरदोहोर गर्छन् । पाल्पा र नवलपुर मात्रै होइन, कालीगण्डकी करिडोरको ट्र्याक खुलेर स्तरोन्नति भएसँगै गुल्मीको पूर्तिघाटदेखि बाग्लुङको मालढुङ्गासम्म दर्जनौं व्यवसाय सञ्चालन भएका छन् भने सडक आसपासमा नयाँ बस्ती विकास भएको स्थानीय पुरन रास्कोटी बताउनुहुन्छ ।

प्रसिद्ध धार्मिकस्थल देवघाटदेखि मुक्तिनाथसम्म जोड्ने परिकल्पनाअनुरूप कालीगण्डकी नदीको किनारैकिनार कालीगण्डकी करिडोर निर्माण भएपछि पूर्वी नवलपरासी, चितवन, तनहुँ, पाल्पा, स्याङ्जा, गुल्मी, पर्वत, म्याग्दी, बागलुङ, मुस्ताङसम्मका लाखौं जनतासँग प्रत्यक्षरूपमा जोडिन पुगेको छ । दक्षिणी मुलुकदेखि उत्तरी मुलुकसम्म जोड्ने सबैभन्दा कम दूरी मानिने कालीगण्डकी करिडोर २०६५ सालदेखि सुरू भएको हो । कालीगण्डकी करीडोरको पूर्वी नवलपरासीमा ८७ किलोमिटर, पाल्पामा ७८, गुल्मीमा ४२, बागलुङमा ३८, पर्वतमा १३, म्याग्दीमा ४२ र मुस्ताङमा १४७ किलोमिटर पर्छ ।

कालीगण्डकी नदीसँगै विस्तार भएको सडकले पहाडी बस्तीलाई राष्ट्रिय राजमार्गसँग जोडेको छ । सडक खुलेपछि स्थानीयको दैनिकी मात्र होइन, आर्थिक र सामाजिक जीवनशैली पनि बदलिएको छ । "पहिला उत्पादन बेच्न दुई/तीन दिन लाग्थ्यो । अहिले बिहान टिपेको तरकारी दिउँसो बजार पुग्छ", हेक्लाङका किसान विपिन अर्यालले भन्नुभयो, "यातायात सहज भएपछि ढुवानी लागत घटेको छ र उत्पादनले राम्रो मूल्य समेत पाउन थालेको छ ।"

गुल्मीको कालीगण्डकी गाउँपालिका-२ अर्वेनीका धनबहादुर विश्वकर्माको जीवन पनि क्रमशः फेरिँदै छ । दैनिक अभाव भेलिरहने उहाँको जीवनको दैनिकी सडकका कारण फेरिएको हो । परम्परागत खेतीले तीन महिना जेनतेन खान पुग्ने उहाँलाई कालीगण्डकी करिडोर सडक सञ्चालनमा आएसँगै गरेको तरकारीखेतीले वर्षौंभरिको अभाव टरेको छ । हाल उहाँले पाँच रोपनी जमिनमा तरकारीखेती लगाउनु भएको छ । सरकारी तथा गैरसरकारी निकायबाट तालिम लिएर तरकारीखेती गरेयता उहाँलाई अभाव भन्ने थाहा छैन । "कालोपत्रे सहितको फराकिलो करिडोर सडकले मेरो जीवन बदलियो", उहाँले भन्नुभयो, करिडोर आफू र अरु विपन्नका लागि वरदान सावित भएको उहाँको भनाइ छ ।

रामपुरका कृषक कृष्णकुमार अर्याल पनि करिडोरका कारण व्यावसायिक रूपमा पशुपालन गर्ने कृषकको सत्त्या बढेको बताउनुहुन्छ। विगतमा घर खर्चका लागि पालिने गाईभैंसी आजभोलि कृषकहरू व्यावसायिक रूपमा पालन गरी दुग्ध उत्पादनतर्फ लागि परेका छन् । उत्पादित दूध, कुखुराको अण्डा, कुखुराजस्ता वस्तुहरूको उत्पादन बढेको छ । यहाँ उत्पादित दूध, अण्डा चितवन, पोखरासम्म पुग्ने गर्दछ। यसैगरी सडक विस्तारका कारण तरकारी, केरा खेतीबाट समेत कृषकहरूले राम्रो आम्दानी लिन सफल भएका छन्।

पछिल्लो समयमा रामपुर फाँटमा घाँसखेतीको सुरू भएको छ। पशुका लागि नेपियर, स्टाइलो, जै वर्षिमजस्ता घाँसको व्यावसायिक उत्पादन भएको छ । करिडोर आसपासका क्षेत्रमा अहिले कृषि, पशुपालनलगायत फर्म खोल्ने सत्त्या पनि अधिक छ । करिडोर आएपछि माथिल्ला गाउँबस्तीका बासिन्दा पनि व्यापार व्यवसायका लागि करिडोर छेउमा झर्ने क्रम तीव्र छ। नझर्ने पनि केही उत्पादन गरेर बजार पठाउने र त्यही पैसाले अरु अत्यावश्यक सामान खरिद गर्ने गरिरहेका छन् । करिडोरका कारण दुई/चार केजी कृषिउपज उत्पादन भए पनि बजार लैजान र केही ल्याउन धेरै सहज भएको स्थानीय बताउँछन् ।

कालीगण्डकी करिडोरका कारण यस क्षेत्रको पर्यटन विकासमा समेत ठूलो टेवा पुगेको छ । करिडोरअन्तर्गत त्रिवेणीधाम, देवघाटधाम, केलादीधाम, राम्दीघाट, रानीघाट, रूद्रवेणी, सेतीवेणी, पूर्तिघाट, ज्यामिरेघाट, पाल्पा भैरवस्थान, बागलुङ कालिका, गलेश्वरधाम, कागबेनी, मुक्तिनाथ, दामोदर कुण्डजस्ता महत्वपूर्ण तीर्थस्थल पर्छन् । कालीगण्डकीमा मात्र पाइने शालिग्राम दर्शनका लागि समेत दैनिक सयौं धार्मिक पर्यटक आउने गरेका छन् । रामपुर नगर क्षेत्रका धार्मिक, पर्यटकीय, सांस्कृतिक महत्व बोकेका स्थानको अध्ययन अवलोकनको लागि आन्तरिक पर्यटकको सत्त्यामा उल्लेखनीय वृद्धि भएको छ । यहाँ जल यात्रा गर्ने पर्यटकसमेत उल्लेखीय रूपमा आउने गरेका छन् ।

करिडोर आएपछि यस क्षेत्रका बासिन्दालाई यही माटोमा आयआर्जनमा जोडिने राम्रो अवसर प्राप्त भएको रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापा बताउनुहुन्छ । उहाँले करिडोरले समृद्धिका लागि ठूलो टेवा पु-याएको बताउनुभयो । "कालीगण्डकी करिडोर नआएको भए धेरै ठाउँहरू अहिलेसम्म पनि सडक सञ्जालले जोड्न मुस्किल हुन्थ्यो होला", थापाले भन्नुभयो, "करिडोर आएपछि एकाएक अवसर र सुविधाबाट वञ्चित बनेका गाउँठाउँ सुगम बनेका छन् ।" उहाँले रामपुरको विकासको आधार पनि करिडोर भएको बताउनुभयो ।

कोरलाबाट दुई सय ५७ किमि पार गरेपछि कैलाश मानसरोवर पुगिने भएकाले यो मार्ग धार्मिक पर्यटनका लागि उत्तम छ । करिडोर निर्माणपछि छिमेकी राष्ट्र चीन र भारतबीचमा आर्थिक, सामाजिक, सांस्कृतिक सम्बन्धलाई सुदृढ बनाउन मद्दत पुग्नेछ । सडक सञ्जालले गर्दा स्वास्थ्य सेवामा पनि उल्लेखनीय सुधार आएको छ । गर्भवती महिला, दुर्घटनाका घाइते वा आकस्मिक बिरामीलाई समयमै अस्पताल पुऱ्याउन सकिने भएको छ । विद्यालय र कलेज जाने विद्यार्थीको यात्रा छोटिएको छ भने सरकारी सेवा लिन सदरमुकाम धाउनुपर्ने समय पनि कम भएको छ। सडक किनारमा होटल, पसल, ग्यारेज र अन्य साना व्यवसाय खुल्न थालेका छन्, जसले रोजगारीका नयाँ अवसर समेत सिर्जना गरेको छ ।

कालीगण्डकी करिडोर एउटा सडक मात्र होइन, पहाडका बासिन्दाको जीवन, अर्थतन्त्र र सम्भावनालाई नयाँ दिशा दिने विकासको आधार बनेको छ । अझै पूर्वाधार सुदृढीकरण, नियमित मर्मत र सुरक्षित सञ्चालन सुनिश्चित गर्न सकिए यस करिडोरले दीर्घकालीन समृद्धिको ढोका अझ फराकिलो बनाउने अपेक्षा गरिएको छ । रासस

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।
www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

facebook twitter



**Sanjeev**
x.com/sanpokh

**कर्णाली ब्लुजको कटासे बजार र नेपाल**

बुद्धिसागरको प्रसिद्ध उपन्यास कर्णाली ब्लुजमा कैलाली जिल्लाको एउटा पुरानो बजारको चर्चा छ । त्यो बजारको नाम हो कटासे । एक समयमा निकै नाम चलेको र चहलपहल खुब हुने व्यापारिक केन्द्र कटासे समयक्रममा मानिसहरूको रोजाइ र प्राथमिकतामा पर्न छोडेर उजाड बन्दैगएको सुन्दर वर्णन कर्णाली ब्लुजमा छ ।

नेपालको समग्र अवस्था हेर्दा मलाई लाग्छ नेपाल देश यतिबेला बुद्धिसागरले उपन्यासमा वर्णन गरेको कटासे बजारको नियति भोगिरहेको छ ।

नेपालको अर्थतन्त्रले सीमित मानिसहरूका लागि गजब लाभ दिइरहेको छ । तर, आम सर्वसाधारणका लागि नेपालमा आफ्नो सीप र श्रमका आधारमा जीवन निर्वाह गर्न असम्भव जस्तै भएको छ । आम्दानीले खर्च धान्दै धान्दैन । सार्वजनिक सेवाको स्तर खराब छ । राज्यले प्रदान गर्नुपर्ने सामाजिक सुरक्षाको अवस्था डामाडोल छ। सामाजिक-सांस्कृतिक क्षेत्रमा पनि नेपाल खस्किँदै गएको छ। जथाभावी अन्यायपूर्ण करको भार मध्यम र निम्नमध्यम वर्गले बोक्नुपरेको छ । वैदेशिक रोजगारीका सामाजिक-सांस्कृतिक तथा मनोवैज्ञानिक नकारात्मक प्रभावहरूले मानिसहरूलाई सताएको छ । विद्यालय र विश्वविद्यालयमा प्रदान गरिने शिक्षाले मानिसहरूलाई सबल र सचेत गराउन सकेका छैनन् ।

मानिसहरु सकेसम्म छिटो देश छोड्न चाहन्छन् । नेपालबाट फुत्किन र भाग्न चाहन्छन् ।

धेरै धनसम्पत्ति नहुनेहरु आयआर्जनको खोजीमा अनि अलिअलि धनसम्पत्ति हुनेहरु राम्रो सेवा-सुविधाको खोजीमा नेपाल छोड्ने प्रवृत्तिले नेपाल अति गरीब वा अति धनीको मात्र स्थायी ठेगाना हुनेजस्तो देखियो ।

आज चिकित्सक (डाक्टर)हरूले नेपाल छोडिरहेको प्रवृत्तिबारे समाचार देखेको थिएँ। मेडिकल काउन्सिलबाट लाइसेन्स परिक्षा उत्तिर्ण गर्नेभन्दा देश छोड्ने डाक्टरको संख्या बढी हुने डरलाग्दो अवस्थाबाट नेपाल गुज्रिरहेको छ । यो त एउटा उदाहरण मात्र हो । सबै क्षेत्रमा यस्तो दुखद् अवस्था छ । नेपाल यसरी असान्दर्भमिक हुनुमा विगतमा देश चलाउने राजनीतिक दल अनि तिनका नेताको गल्ती कमजोरी अवश्य छ । तर, यो कुनै सरकार वा व्यक्तिलाई दोषि ठहऱ्याएर समाधान गर्न सकिने तहको समस्या होइन ।

समाज, अर्थतन्त्र वा राज्य समग्रतामा असान्दर्भिक र कमजोर हुँदैछ -कटासे बजार जस्तो । यसका कारण केही नेपालभित्र होलान् । धेरै कारणहरु विश्वको अर्थव्यवस्था राजनीतिमा आएको परिवर्तनमा पनि लुकेका होलान् । कटासे बजार ओइलाउनुका कारण देशका अन्य भागमा आएको परिवर्तन मूख्य थियो जसले मानिसहरूलाई काम वा अवसरको खोजीमा अन्यत्र लगेको थियो । नेपाल ओइलाउने कारण पनि नेपालबाहिरका बदलिँदा आयामहरूमा खोज्नुपर्ने हुन्छ ।

यो 'असान्दर्भिकीकरण' रोक्ने सामर्थ्य राजनीतिक दल र नेताहरूमा विगतमा थिएन । अब प्रश्न उठ्छ के जेनजी आन्दोलनको बलमा गठन भएको अहिलेको सरकारसँग नेपालको खस्कँदो अवस्थामा प्राण भर्ने भिजन छ त ?!

यो प्रश्नको जवाफ त समयले दिने नै छ । तर, अहिले सरकारले जसरी आफूलाई समग्रमा पजिशनिङ् गर्दैछ, अर्थमन्त्रीले जे बोलीरहेका छन्, प्रधानमन्त्रीले आफ्ना भिजन र प्राथमिकता जसरी प्रस्तुत गरिरहेका छन् त्यो सबलाई हेर्दा अहिलेको सरकार पनि नेपालको असान्दर्भीकीकरण (!)को गम्भीरता बुझ्न सक्षम भएजस्तो देखिएन । मैले यसो भन्नुको तात्पर्य निराशा फैलाउने होइन -समस्याको गम्भीरता देखाउने हो । कुनै कुराको समाधान खोज्नुभन्दा पहिले समस्यालाई गहिराइसम्म बुझ्नुपर्छ । नेपालको समस्या केही मानिसका खुट्टा भाँचेर, केहीलाई सौचालयमा थुनेर र केहीको घरबासमा डोजर लगाएर समाधान हुनेवाला छैन। समस्या जटिल छ र समाधानका उपाय पहिल्याउन पनि निकै सोचविचार चाहिन्छ ।

आन्तरिक रूपमा प्रणालीगत सुधार र मानवकेन्द्रीत विकास-निर्माणलाई कसरी सम्भव गर्ने हो त्यो कुरा सोच्नुपऱ्यो । आम जनताको विश्वास र मनोवल कसरी बढाउने हो त्यसमा ध्यान दिनुपऱ्यो। नत्र पुराना पार्टीहरूले जस्तै अर्को चुनावका लागि भनेर पैसा जम्मा गर्न थाल्नुपऱ्यो ।

सरकारमा भएका मानिसले कालो चस्मामा सजिएर फोटो खिचाउने र 'देश बनाउने टिम' भनेर फेसबुकमा हाल्ने पत्रु मानसिकताले कुनै गाउँको चौतारो बन्ला, देश त बन्दैन । कि कसो ?!

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४